अन्तर्वार्ता



# युवा पिंढीलाई पश्चिमी संस्कृतिले गाँजेको छ

ढया शाक्य, पोर्टल्यान्ड ओरेगन
संयुक्त राज्य अमेरिका

*यहाँको जन्म स्थान र हाल कार्यरत देशका बारे केही बताइदिनुस् न ?*

मेरो जन्म काठमाडौं, नरदेवीमा भएको हो। अध्ययनका क्रममा हाल अमेरिका पोर्टल्यान्ड मोरेगनमा रहेको छु। त्रिविबाट नेपालका भाषा र साहित्य विषयक स्नातकोत्तरस्तरीय अध्ययन, अनुसन्धान तथा ओरेगन विश्व विद्यालयमा नेपालका भाषा विशेषज्ञका रूपमा क्रियाशील रही एमएस्तरीय अध्ययन-अनुसन्धान पूरा गरें। हालसम्म मेरो लेखन, अनुवाद र प्रकाशन गरी १४ वटा पुस्तक र उच्चस्तरीय अनुसन्धानात्मक लेख प्रकाशित छन्।

*अहिले त्यस ठाउँमा नेपालीहरू कति संख्यामा रहेका होलान् ?*

ओरेगनको युजिन सहरमा पहिलोपल्ट खुट्टा टेक्दा केवल ४० जना जति मात्र नेपाली स्थायी बसोबास गरिरहेका थिए। अहिले ३५० भन्दा बढी पुगिसकेको अनुमान छ।

*यहाँका नागरिकले नेपालीलाई बुझ्ने दृष्टिकोण कस्तो पाउनुभएको छ ?*

सहनशील, मिलनसार, शान्तिप्रिय र छलकपटरहित मानवीय समूहको रूपमा उनीहरु नेपालीलाई बुझ्ने गर्छन्।

*नेपालबाट विदेश पैठारी गर्न सकिने उत्पादित वस्तुहरू केके हुनसक्छन् ?*

विशेषगरेर नेपालबाट उत्पादित हस्तकलाका वस्तुहरूलगायत ऊनीधागोबाट बनिएका लुगाफाटा एवं गलैंचा हुन्। यहाँका मानिस नेपालका पहाडी क्षेत्रको भ्रमण र हिमाल चढ्ने मनशायबाट अत्यन्त प्रभावित छन्।

*यहाँ आएपछि नेपालीहरूको स्वभाव कस्तो रहनेगरेको पाउनुभएको छ ?*

नेपालमा हुँदा विदेशको इतिवृत्ति थाहा नभई रहरमै निर्वासित हुन्छन्। तर यहाँका मानिसहरूले आफ्नो देशको बारे सोधपुछ गर्दा आफैं लज्जित बन्नुपरेपछि अनि आफ्नो देश, भाषा, संस्कृति र इतिहासको अध्ययनमा तल्लीन हुन खोज्छन् यहाँ आउने युवा पिँढी।

*नेपालको पर्यटन विकासमा प्रवासमा बस्ने नेपालीले के भूमिका खेल्न सक्छन् भन्ने ठान्नुहुन्छ ?*

नेपालका हरेक नागरिकले स्थानीय व्यक्तिहरूसँग सम्पर्क राखी आफ्नो देशको परिचय दिलाएर एक जन्ममा एकपटक घुम्न जानुपर्ने देश हो भनी वकालत गर्न सक्नुपर्छ। एकजना नेपालका नागरिकले दुईजना विदेशी नेपाल घुम्न पठाउने उद्देश्य पूरा गरे नेपालबाट बाहिरिने रकमको तीन दोब्बर रकम नेपाल भित्रिने सम्भावना छ। यदि सबैले आफ्नो देशको माया गर्ने हो भने यो कुनै ठूलो कुरा होइन। यसले देशको पर्यटन व्यवसाय मात्र होइन, साधारण मानिसको आर्थिक अवस्थामा समेत ठूलो योगदान पुऱ्याउन सक्नेछ।

*यहाँ हाल कुन व्यवसायमा संलग्न हुनुहुन्छ ?*

मेरो काम मौलिक र शैक्षिक व्यवसाय हो। विदेशीहरूलाई नेपालका भाषाहरू सिकाउने र साँस्कृतिक परिचय दिलाउने हो। यसको अलावा यहाँ जन्मेका नेपालीमूलका केटाकेटी र मिश्रित संस्कृति र नेपालीसँग विहे गरेका विदेशी युवायुवतीलाई नेपालप्रतिको माया टाढा नहोस् भन्ने खातिर बेलाबखत शिक्षा दिँदै आएको छु। माओवादी अभियान सुरु भएपछि नेपालको निम्ति पिस्कोर स्वयंसेवक कार्यक्रम स्थगित भएपछि नेपाल जानेहरूको संख्या घट्दै गएकोले शिक्षणको कार्यक्रममा सिथिलता देखा परेको छ। त्यसैले केही वर्षयता नेपालमा उत्पादित हस्तकलाका सामानहरू निर्यात गराएर व्यापारमा तल्लीन छु। म पेसाको हिसाबले नेपाल भाषा तथा संस्कृति केन्द्रको डाइरेक्टरका रूपमा कार्यरत छु। यस केन्द्रको सुरुवातअघि पोर्टल्यान्ड कम्युनिटी कलेजमा नेपाली भाषाका प्राध्यापकको रूपमा सन् १९९७ सम्म शिक्षण पेसामा संलग्न भएको थिएँ।

*नेपाललाई चिनाउने काममा आफूलाई कतिको सक्रिय बनाउनुभयो ?*

अमेरिका निर्वासित भएको प्रारम्भिक काल त यहाँको सांस्कृतिक र सामाजिक रहनसहनमा घुलमिल हुने काममा व्यस्त भएँ। पछि, बिस्तारै सन् १९७५ तिर स्थापित काठमाडौं नगर र यहाँका युजिन सहरसँग सम्बन्ध राख्ने माध्यम सिस्टर सिटीको बारे जानकारी पाएपछि सक्रिय रूपमा संलग्न भएँ। त्यसपछि संखुवासभा जिल्लाको पोखरीगाउँमा अवस्थित सिद्धकाली माविका छात्राहरूलाई आर्थिक अनुदान उपलब्ध गराउने योजनामा पाँच वर्षसम्म सक्रियताका साथ लागि सम्पन्न गरियो। त्यसपछि ओरेगनको एसियाली समाजमा ओरिन्टलको अर्थ केवल जापान, कोरिया र चिनियाँ सभ्यतामा मात्र कायम रहेको देख्दा दक्षिण एसियाको पनि रहनुपर्ने उद्देश्य राखी एसियाली भेलाहरूमा नेपालको बारेमा निरन्तर प्रचारप्रसार गरें।

*तपाईं नेपालीको कुन कुन संस्थामा आबद्ध हुनुहुन्छ ?*

नेपालीहरूको संख्या बढ्दै गएपछि औपचारिक रूपमा संस्थाको आवश्यकता महसुस गरी सन् १९९४ देखि नमस्ते नामक न्युजलेटरको सुरुवात गरें। पछि, सन् २००१ मा पोर्टल्यान्ड निवासी राजु मालीको अध्यक्षतामा नेप्लिज एसोसिएसन अफ ओरेगन (नाओ) को गठन गरियो। पछि, यसमा सन् २००३ मा अध्यक्षको रूपमा निर्वाचित भएँ। यसको अलावा वासिङ्टन डीसीस्थित नेवारहरूको राष्ट्रिय संस्था 'नेवा अर्गनाइजेसन अफ अमेरिका' को संस्थापक सदस्यको रूपमा सक्रिय भई हालसम्म उक्त संस्थाको उपाध्यक्ष पदमा रहेको छु। यसबाहेक, लसकुस र नेवा विज्ञान नामक पत्रिकाको सम्पादक र प्रकाशनमा संलग्न छु। यी संस्थामार्फत् नेपालको गौरवलाई एसियाली समाजमा परिचित गराउँदै आएको छु।

*प्रवासी भूमिबाट पनि नेपाललाई चिनाउने काममा सक्रिय रहनुभएको छ, यसबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ?*

गाँस, बास र कपास जुटाउने कामबाट बाँकी समयमा मात्र

सामाजिक कार्यक्रममा संलग्न हुनसक्ने भएकाले कोही बेला २४ घण्टाको दिनरात पनि छोटो भएको अनुभव हुन्छ। त्यस्तै, स्वास्थ्यलाई पनि ध्यान दिनुपर्ने भएकोले चाहेजस्तो योगदान दिन नसकेको महसुस हुन्छ।



*यहाँ नेपाली भाषा, संस्कृतिमा जुट्नुभएको मान्छे, त्यस सम्बन्धमा युवा पिँढीलाई के सल्लाह दिन चाहनुहुन्छ ?*

हाल निर्वासित युवा पिँढीहरूमा पश्चिमी समाजको प्रभाव अचाक्ली परेको छ। नेपालको मौलिकताका बारेमा ज्ञान नेपालमै छाडेर आउनेगरेको देखें। अमेरिका आएर टुटेफुटे अंग्रेजी रवाफ देखाउनेहरू पछि विस्तारै नेपालको संस्कृति भुल्दै आएको पाएको छु। यो हुनुको मुख्य कारण बदलिँदै गएको पश्चिमी समाजको प्रभाव हो, जातीय संस्कृतिको शिक्षा दिने अभावको कारण हो। यसप्रति युवाहरू सजग हुनुपर्ने देखिन्छ।

*कतिबेला यहाँलाई मातृभूमिको याद आउँछ ?*

मातृभूमिको सम्झना हरहमेसा आउँछ। "म मरे पनि मेरो देश बाँचिरहोस्" भन्ने महानवाणीले सदैव घच्घचाइरहन्छ। विदेशमा बसेर नेपालको परम्परालाई सक्रियता दिने काममा तल्लीन रहेकोले मातृभूमिको सम्झनाबाट टाढा रहने कुनै सम्भावना नै देख्दिन।

*एनआरएन अभियानलाई यहाँले कसरी हेर्नुभएको छ ?*

एक्काइसौं शताब्दीको यो संघारमा विदेशमा रहेका नेपालीमूलका मानिसहरू आफ्नो मातृभूमिप्रतिको यादले नेपाल फर्कने मनशाय व्यक्त गर्न थालेको महसुस गरेको छु। तर अवसरको खोजीमा नेपाल आमालाई रुवाएर विदेशी माटोमा घुलमिल भइयो, अब उमेर ढल्केपछि स्वदेशको मायाले आलो घाउले जस्तो पोल्न थालेको छ।

कानुनी प्रावधानका कारणले घाउमा मलम लगाउन एनआरएनको नाममा नारा लगाउन थाले 'लगानी' शब्दको लालच देखाएर। तर, ठूलाबडाहरूको लगानीको उद्देश्य पैसा नेपाल भित्र्याउने उपाय मात्र पनि हुनसक्छ। यसको गाँठी कुरा प्रकाशमा आएको छैन। नेपालमा अन्तरिम संसदले गैरआवासीय नेपाली विधेयक जारी गरेको छ। यो पञ्चायतकालीन परम्पराकै पुनरावृत्ति भएको कारण यसको संशोधन हुनु जरुरी छ। नयाँ नेपालको निर्माणमा प्रवासी नेपालीप्रति पूर्वाग्रह हुनुहुँदैन।

*ऐक्यबद्धताले प्रवासमा रहेका नेपालीलाई ऐक्यबद्धता गर्न के गर्नुपर्लाजस्तो लाग्छ ?*

ऐक्यबद्धताको अर्थ पूर्णरूपमा कायम राखी क्रियाकलाप उदाहरणमूलक हुनुपर्छ। तरल नेपालको संस्कृतिलाई ठोस रूपमा चिनाउनु नै ऐक्यबद्धता हो। तर, ऐक्यबद्धताको अर्थ सिंहदरबार ढोकाअगाडिको सालिकको औंलाको प्रतीकात्मकतालाई बंग्याएर केवल एक भाषा, एक जातिको ढोंग फुक्न थाल्यो भने हाँस्यास्पद हुन्छ। त्यसैले नेपालको मौलिकतालाई स्थान दिने काम ऐक्यबद्धताले गर्नसके कसैले औंला ठड्याउन सक्दैन।

विगतका केही अंकहरूमा एनआरएनको बखानहरू छापिएको देखेर कतै यो ऐक्यबद्धताको जन्मदाता नै एनआरएन पो रहेछ भन्ने आभाष दिन्छ। तर मलाई लाग्छ, ऐक्यबद्धता स्वतन्त्रताको आँगनमा हराभरा वातावरण सिर्जना गरी लम्कन सक्नुपर्छ। त्यसैले साँचो अर्थमा सम्पूर्ण एनआरएनसम्बन्धी भावना व्यक्त गर्दछ। ●

# अमेरिकाको चुनावमा नेपालीको पैसा उठ्यो

नेपालको जनआन्दोलनमा सघाउँदै आएका र स्थायी शान्ति प्रक्रियाबाट नेपालको समृद्धि देख्न चाहेको बताउँदै आएका वायने ग्रिलचेष्टको चुनावी सहयोगको लागि नेपालीले ३ हजार डलर संकलन गरिदिएका छन्।

नेपालको पक्षमा संसद्मा समेत लबिङ गरेका उनले अमेरिकामा रहेका नेपाली समुदायको समस्यामा समेत सम्बद्ध निकायलाई घच्घचाउने गरेका थिए।



नेपाल अमेरिका सार्वजनिक मामिला परिषद् (NAPAC) का सभापति डा. श्याम कार्की र बाल्टिमोर नेपाली संघ (BANA) को आयोजनामा १० फेब्रुअरीमा सो कार्यक्रम गरिएको थियो। ख्यातिप्राप्त लोकगायक प्रेमराजा महतले अंग्रेजी गीतबाट स्वागत गरी सुरु गरिएको सो कार्यक्रममा त्यहाँको नेपालीका समस्या समाधान र नेपालप्रतिको ऐक्यबद्धताका सम्बन्धमा छलफल भएको थियो। बाल्टिमोरस्थित माउण्ट एभरेष्ट रेष्टुरेण्टमा सम्पन्न सो कार्यक्रममा डा. कार्की र घिमिरेद्वयले वायने र नेपालीबीचको भावनात्मक सम्बन्धका बारेमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।